बैठक संख्याः ३-२०८३/८४
बैठक मितिः २०८३/५/३०, समयः पूर्वान्ह ९:३० बजे
स्थानः धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

आज मिति २०८३/५/३० गते (ने.सं. ११४६, जँलाथ्व ४) मङ्गलबार पूर्वान्ह ९:३० बजे धर्मदेवी नगरपालिकाका नगर प्रमुख श्री उदय चन्द्र पौडेलज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

उपस्थितिः

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री उदय चन्द्र पौडेल | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा महत (भट्टराई) | नगर उपप्रमुख | |
| ३ | श्री जगत बहादुर कार्की | वडाध्यक्ष (वडा नं. १) | |
| ४ | श्री गजेन्द्र बहादुर जिमी | वडाध्यक्ष (वडा नं. २) | |
| ५ | श्री श्याम बहादुर पौडेल | वडाध्यक्ष (वडा नं. ३) | |
| ६ | श्री बद्री बहादुर घिमिरे | वडाध्यक्ष (वडा नं. ४) | |
| ७ | श्री राम बहादुर मगर | वडाध्यक्ष (वडा नं. ५) | |
| ८ | श्री लक्ष्मीप्रसाद अधिकारी | वडाध्यक्ष (वडा नं. ६) | |
| ९ | श्री नविन जिमी | वडाध्यक्ष (वडा नं. ७) | |
| १० | श्री सुमन नेपाल | वडाध्यक्ष (वडा नं. ८) | |
| ११ | श्री चित्र कुमार कार्की | वडाध्यक्ष (वडा नं. ९) | |
| १२ | श्री लाल माया जिमी | कार्यपालिका सदस्य | |
| १३ | श्री विष्णु माया मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री मिता राई | कार्यपालिका सदस्य | |
| १५ | श्री प्रेमिका जिमी | कार्यपालिका सदस्य | |
| १६ | श्री अञ्जली जिमी | कार्यपालिका सदस्य | |
| १७ | श्री रुद्र बहादुर सुनुवार | कार्यपालिका सदस्य | |
| १८ | श्री प्रकाश गुरुङ्ग | प्रमुख प्रशासकीय अधिकृत | |
| **आमन्त्रित उपस्थितिः** | | | |
| १ | श्री विपिन भण्डारी | इन्जिनियर | |
| २ | श्री बिरोध नेपाल | सूचना प्रविधि अधिकृत | |
| ३ | श्री ज्ञानु श्रेष्ठ | जनस्वास्थ्य निरीक्षक | |
| ४ | श्री राजेश गिरी | आर्थिक प्रशासन प्रमुख | |
| ५ | श्री दिपक कार्की | नायब सुब्बा | |
| ६ | श्री दिपक कुमार ढुङ्गेल | नायब सुब्बा | |

**बैठक संख्याः** ३-२०८३/८४
**बैठक मितिः** २०८३/५/३०, **समयः** पूर्वान्ह ९:३० बजे
**स्थानः** धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

**<u>प्रस्तावहरुः</u>**

१. गत कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।
२. LGPAS को प्रारम्भिक नतिजा पृष्ठपोषणका लागि जि.स.स. मा पठाउने सम्बन्धमा ।
३. पदमार्ग तथा पर्यटन सम्बन्धी स्थानीय मापदण्ड निर्माणका लागि मस्यौदा समिति गठन सम्बन्धमा ।
४. विविध सम्बन्धमा ।

**<u>निर्णयहरुः</u>**

१. प्रस्ताव नं. (१) माथि छलफल गर्दा यसभन्दा अघि भएका कार्यपालिका बैठकका निर्णयको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको साथै कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरु कार्यान्वयन गर्दै लैजाने ।

२. प्रस्ताव नं. (२) माथि छलफल गर्दा "*<u>स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२</u>*" बमोजिम आर्थिक वर्ष २०८२/८३ मा यस नगरपालिकाबाट सम्पादित समग्र कार्यप्रगति प्रतिबिम्बित हुने गरी विभिन्न शाखा, उपशाखा तथा इकाइबाट **स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली** [Local Governance Performance Assessment System (LGPAS)] मा प्रविष्टि भई उक्त कार्यविधिको व्यवस्था बमोजिम स्वःमूल्याङ्कन समन्वय समितिको बैठकको निर्णयानुसार पेश भएको देहाय बमोजिमका सूचकहरूमा प्राप्त गरेको प्राप्ताङ्क सहितको संक्षिप्त विशेषतासहितको कार्यसम्पादन मूल्याङ्कनको प्रारम्भिक प्रतिवेदन थप मूल्याङ्कन तथा पृष्ठपोषणका लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत् जिल्ला समन्वय समितिमा उक्त प्रणाली मार्फत् पठाउने ।

| क्र.सं. | क्षेत्र | उपक्षेत्र | अवस्था | उपक्षेत्रको अङ्क भार | उपक्षेत्रमा प्राप्त अङ्क | उपलब्धि (%) | कुल क्षेत्रगत भार | क्षेत्रगत प्राप्ताङ्क | क्षेत्रगत प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | योजना तथा बजेट व्यवस्थापन | मध्यम | ८ | ५.८९ | ७३.६% | | | | सुधार आवश्यक |
| २ | | पारदर्शिता र उत्तरदायित्व | कमजोर | ५ | १.९ | ३८% | | | | प्राथमिकताका साथ सुधार आवश्यक |
| ३ | सुशासन तथा संस्थागत विकास | शासकीय प्रबन्ध | मध्यम | ९ | ५.३२ | ५९.१% | ४० | २३.२ | ५७.९% | सुधार आवश्यक |
| ४ | | सार्वजनिक सेवा प्रवाह | अति कमजोर | ५ | १.६९ | ३३.८% | | | | तत्काल सुधार आवश्यक |
| ५ | | सार्वजनिक वित्त व्यवस्थापन | मध्यम | ११ | ७.७३ | ७०.३% | | | | सुधारसहित सन्तोषजनक |
| ६ | | समन्वय र सहकार्य | अति कमजोर | २ | ०.६४ | ३२% | | | | तत्काल सुधार आवश्यक |
| ७ | सामाजिक विकास | खानेपानी तथा सरसफाइ | अति कमजोर | २ | ० | ०% | २० | ८.६ | ४२.९% | अत्यन्त प्राथमिकताका साथ सुधार आवश्यक |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | | शिक्षा | कमजोर | ३ | १.३७ | ४५.७% | | | | सुधार आवश्यक |
| ९ | | स्वास्थ्य | कमजोर | ५ | २.२ | ४४% | | | | सुधार आवश्यक |
| १० | | विवाद निरुपण तथा मेलमिलाप | उत्कृष्ट | २ | १.७ | ८५% | | | | राम्रो |
| ११ | | सामाजिक समावेशीकरण र संरक्षण | कमजोर | ८ | ३.३१ | ४१.४% | | | | सुधार आवश्यक |
| १२ | आर्थिक विकास | कृषि, पशु तथा सहकारी | उत्कृष्ट | ८ | ६.१७ | ७७.१% | २० | ९.५ | ४७.५% | राम्रो |
| १३ | | भूमि तथा सिंचाइ | कमजोर | २ | ०.८६ | ४३% | | | | सुधार आवश्यक |
| १४ | | स्थानीय आर्थिक विकास | अति कमजोर | ५ | ०.८ | १६% | | | | अत्यन्त प्राथमिकताका साथ सुधार आवश्यक |
| १५ | | उद्यमशीलता र रोजगारी | अति कमजोर | ५ | १.६६ | ३३.२% | | | | तत्काल सुधार आवश्यक |
| १६ | पूर्वाधार | स्थानीय सडक | मध्यम | ३ | १.९४ | ६४.७% | १० | ७.६ | ७५.६% | सुधारसहित राम्रो |
| १७ | | भवन तथा अन्य सामाजिक पूर्वाधार | उत्कृष्ट | ५ | ४.१ | ८२% | | | | राम्रो |
| १८ | | पूर्वाधारको उपयोगिता र दिगोपना | उत्कृष्ट | २ | १.५२ | ७६% | | | | राम्रो |
| १९ | वन, वातावरण तथा विपद् व्यवस्थापन | वातावरण संरक्षण | अति कमजोर | ७ | १.२ | १७.१% | १० | २.२ | २२% | अत्यन्त प्राथमिकताका साथ सुधार आवश्यक |
| २० | | विपद् व्यवस्थापन | अति कमजोर | ३ | १ | ३३.३% | | | | तत्काल सुधार आवश्यक |
| जम्मा | | २० उपक्षेत्र | — | १०० | ५१ | ५१% | १०० | ५१ | ५१% | **समग्र अवस्थाः मध्यमभन्दा कमजोर** |

३. प्रस्ताव नं. (३) माथि छलफल गर्दा प्रसिद्ध पर्यटकीय मार्ग तीनजुरे-मिल्के-जलजले (TMJ) को क्षेत्र यस नगरपालिकाको भौगोलिक क्षेत्रमा समेत अवस्थित भएको तथा यस क्षेत्रको पर्यटकीय विकास तथा प्रवर्द्धनका लागि समुदायमा आधारित पर्यटन नीति (Community-Based Tourism Policy) अन्तर्गत देहायका कानूनी दस्तावेज निर्माण गर्न आवश्यक देखिएको छः-

- स्थानीय वास्तुकला संरक्षण मापदण्ड (Vernacular Architecture Conservation Standard)
- होमस्टे सञ्चालन तथा व्यवस्थापन निर्देशिका (Homestay Operation and Management Guideline)
- पदमार्ग नियमित मर्मतसम्भार कार्यविधि (Trail Routine Maintenance Procedure)
- पर्यटक सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि (Tourist Information Center Operation & Management Procedure)
- ठोस फोहोरमैला व्यवस्थापन कार्यविधि (Solid Waste Management Procedure)

- ट्रेलस्टे सञ्चालन तथा व्यवस्थापन निर्देशिका (Trail stay Operation and Management Guideline)

उल्लिखित कानूनी मस्यौदाहरू निर्माण गर्न **पदमार्गमा आधारित पर्यटन विकास परियोजना (TTDP)** को प्राविधिक सहयोगमा कोशी प्रदेशको "*गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५*" को दफा २२ बमोजिम उल्लिखित कानूनी मस्यौदा मध्ये प्राथमिकताका आधारमा मस्यौदा निर्माण गरी कार्यपालिकामा पेश गर्ने गरी देहाय बमोजिमको मस्यौदा समिति गठन गर्ने । समितिले आश्यकतानुसार कर्मचारी तथा विज्ञ आमन्त्रण गरी आफ्नो कार्यविधि आफै व्यवस्थित गरी समय मै मस्यौदा निर्माण गरी पेश गर्नेः-

**मस्यौदा निर्माण समिति**

| | | |
|---|---|---|
| क. | नगर प्रमुख श्री उदय चन्द्र पौडेल | - संयोजक |
| ख. | नगर उपप्रमुख श्री तारा महत (भट्टराई) | - सदस्य |
| ग. | वडा नं. १ का वडाध्यक्ष श्री जगत बहादुर कार्की | - सदस्य |
| घ. | वडा नं. ३ का वडाध्यक्ष श्री श्याम बहादुर पौडेल | - सदस्य |
| ङ. | कार्यपालिका सदस्य श्री अञ्जली जिमी | - सदस्य |
| च. | कार्यपालिका सदस्य श्री रुद्र बहादुर सुनुवार | - सदस्य |
| छ. | दलित महिला सदस्य श्री फुल माया दर्जी | - सदस्य |
| ज. | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य सचिव |

४. प्रस्ताव नं. (४) को विविध शीर्षकमाथि छलफल हुँदा देहायबमोजिम गर्नेः

(क) जिल्ला सङ्खुवासभा साविक आँखिभूई गा.वि.स. वडा नं. २ हाल धर्मदेवी नगरपालिका वडा नं. ६ निवासी श्री कर्ण बहादुरको नाती बलरामको छोरा नागरिकता प्रमाणपत्र नं. १०३०३३/६६ भएको जग्गाधनी श्री दुर्गा बहादुर कार्कीको निवेदन माग बमोजिम निजको नाममा दर्ता श्रेष्ता कायम रहेको साविक आँखिभूई गा.वि.स. वडा नं. २ हाल धर्मदेवी नगरपालिका वडा नं. ६ कित्ता नं. २३८०, क्षेत्रफल १०३४ व.मि., किसिम पा.चा. जग्गा आवासीय भनी वर्गीकरण गर्न उपयुक्त देखिएकोले सोही बमोजिम हुने गरी सम्बन्धित निकायमा लेखी पठाउने ।

(ख) स्थानीय वातावरण तथा विपद् व्यवस्थापन समितिको मिति २०८३/५/३० गतेको बैठकबाट प्रस्ताव भई आए बमोजिमका देहायका संरचनाहरूको देहाय बमोजिमको क्षतिको विश्लेषण गरी कार्यालयबाट प्राप्त प्राविधिक प्रतिवेदन बमोजिम देहायका निकायहरूमा सहयोगका लागि लेखी पठाउनेः-

**बैठक संख्याः** ३-२०८३/८४
**बैठक मितिः** २०८३/५/३०, **समयः** पूर्वान्ह ९:३० बजे
**स्थानः** धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

| क.सं. | संरचनाको नाम | ठेगाना | क्षतिको किसिम | सहयोगका लागि लेखी पठाउने निकाय |
|---|---|---|---|---|
| १ | आधारभूत स्वास्थ्य सेवा केन्द्र, मुलगाउँ | ध.न.पा. ९ | भवन परिसरमा पहिरो गई क्षति पुऱ्याएको | श्री जिल्ला विपद् व्यवस्थापन समिति, खाँदबारी, सङ्खुवासभा/ भौतिक पूर्वाधार कार्यालय |
| २ | ठुटे मान्द्रे डुम्रे वेसी कुलो | ध.न.पा. ४ | पहिरो गई क्षति पुऱ्याएको | श्री सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना, चैनपुर, सङ्खुवासभा |